# शारदा राजपत्र

## शारदा नगरपालिका द्वारा प्रकाशित

**खण्ड ९**   **संख्या ५०**   **मिति २०८२।०२।१३**

# भाग २

**शारदा नगरपालिकाले बनाएको तल लेखिएको बमोजिमको कार्यविधि सर्वसाधारणको लागी प्रकाशन गरीएको छ ।**

**एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२**

**कार्यपालिकाबाट स्वीकृत मितिः २०८२/०२/१०**
**प्रमाणीकरण मितिः २०८२/०२/१३**

**प्रस्तावना:** शारदा नगरपालिका भित्र खास गरी स्वास्थ्य सेवाको पहुँचबाट टाढा रहेका स्थानीय बासिन्दालाई स्वास्थ्य सेवामा सर्वसुलभ पहुँच पुऱ्याउनका लागि एम्बुलेन्स सेवा संचालनलाई पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित गर्न तथा एम्बुलेन्स सेवामा सर्वसाधारण जनताको पहुँच बढाई सेवाको गुणस्तर वृद्धि गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) को अधिकार प्रयोग गरी शारदा नगरपालिकाले यो कार्यविधि तयार गरी लागु गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ**: (क) यो कार्यविधिको नाम "एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२" रहेको छ।
(ख) यो कार्यविधि शारदा नगरपालिकाले स्वीकृत गरी राजपत्रमा प्रकाशन भएको मितिबाट प्रारम्भ हुनेछ।

**२. परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-
(क) "एम्बुलेन्स" भन्नाले बिरामी ओसार्ने स्वीकृति प्राप्त गरेको वाहन सम्झनु पर्छ र सो शब्दले एम्बुलेन्समा जडित उपकरण, चालक र परिचारिका समेतलाई जनाउँछ।
(ख) "एम्बुलेन्स जनशक्ति" भन्नाले एम्बुलेन्समा उपस्थित रहने स्वास्थ्यकर्मी र चालक सम्झनु पर्छ।
(ग) "चालक" भन्नाले एम्बुलेन्स चलाउने चालक सम्झनु पर्छ।
(घ) "नगरपालिका" भन्नाले शारदा नगरपालिकालाई सम्झनु पर्छ।
(ङ) "सेवा शुल्क" भन्नाले एम्बुलेन्स प्रयोग गरेबापत सेवाग्राहीले बुझाउनु पर्ने गरी समितिले तोकेको शुल्क सम्झनु पर्छ।
(च) "समिति" भन्नाले दफा ३ बमोजिम गठित एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति सम्झनु पर्छ।
(छ) "सेवा" भन्नाले एम्बुलेन्सले बिरामीलाई दिने सम्पूर्ण सेवा सम्झनु पर्छ।

**३.एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समितिः** (१) एम्बुलेन्स सेवाको सञ्चालन, व्यवस्थापन, अनुगमन तथा रेखदेख गर्न देहायको पदाधिकारीहरु रहेको एक नगरपालिका एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति रहनेछ।

| | |
|---|---|
| (क) नगर प्रमुख | - संयोजक |
| (ख) प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| (ग) सामाजिक विकास समितिको संयोजक | –सदस्य |
| (घ) कार्यपालिका सदस्य महिला/दलित १/१ जना | - सदस्य |
| (ङ) प्रतिनिधि, स्थानीय रेडक्रस सोसाईटी | - सदस्य |
| (च) स्वास्थ्य शाखा प्रमुख | - सदस्य सचिव |

(२) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ। समितिको बैठक भत्ता शारदा नगरपालिका कार्यसञ्चालन निर्देशिकामा निर्धारण गरे बमोजिम हुनेछ।
(३) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था यस कार्यविधि बमोजिम समितिले निर्धारण गरे बमोजिम हुनेछ।

४. **समितिको काम, कर्तव्य र अधिकार** : (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः
(क) एम्बुलेन्स सेवा पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित रुपमा सञ्चालन गरे नगरेको अनुगमन गर्ने।
(ख) चालकले पालना गर्नुपर्ने आचारसंहिता लागू गराउने। यस कार्यविधि अनुसारको आचारसंहिता पालन नगर्ने चालकलाई चेतावनी दिने र आचारसंहिता पालना गर्न लगाउने।
(ग) एम्बुलेन्स सेवाको बारेमा कुनै गुनासो तथा उजुरी आएमा सोको सुनुवाई तथा व्यवस्थापन गर्ने।
(घ) एम्बुलेन्सको निश्चित मापदण्डको आधारमा भाडा निर्धारण गर्ने। सामान्यतया एक पटक निर्धारण भएको भाडा दुई वर्ष नपुगी पुनरावलोकन गर्न नपाइने।
(ङ) सरोकारवाला तथा अन्य सङ्घ संस्थाहरु बीच आवश्यकता अनुसार एम्बुलेन्स सेवा बारे समीक्षा बैठक गर्ने.
(च) नगरपालिकाको विशिष्टतालाई ध्यानमा राखी एम्बुलेन्स सेवा सञ्चालनको लागि आवश्यक थप मापदण्ड बनाउने।
(छ) चालकले तोकिएको सेवा शुल्क लिई बैंक/कोषमा दाखिला गरे नगरेको समय समयमा निरीक्षण गर्ने।

(२) समितिको सदस्य-सचिवले सेवा प्रवाह स्थितिको अद्यावधिक विवरण सहितको प्रतिवेदन प्रत्येक वर्षको पौष र आषाढ मसान्तमा नगर कार्यपालिका बैठकमा पेश गर्नु पर्नेछ।

**५. सेवा शुल्क सम्बन्धी व्यवस्था :** ( १ ) एम्बुलेन्स सेवा प्रयोग गरेबापत सम्बन्धित सेवाग्राहीले जिल्ला एम्बुलेन्स व्यवस्थापन समिति, सल्यानले तयार गरेको सेवा शुल्कको आधार लिई शारदा नगरपालिकाको प्रत्येक वर्ष स्वीकृत हुने आर्थिक ऐनमा उल्लेख भए अनुसारको रकम सेवा शुल्कको रुपमा बुझाउनु पर्नेछ। एम्बुलेन्स पहिलो पटक संचालन भएको हकमा बैठक बसी तोकिए बमोजिमको भाडा भुक्तानी गर्नु पर्नेछ।

पुनश्चः उल्लेखित दरमा तेल र विभिन्न करको रकम समावेश गरिने छ। दुरीको हकमा गन्तव्य स्थान नै मान्य हुनेछ। साथै एम्बुलेन्सको तोकिएको सेवा शुल्क र माग फाराम भरी बिरामी लैजानु अगावै कार्यालयमा बुझाउनु पर्नेछ।

(२) एम्बुलेन्स सेवा बापत उठेको रकम नगरपालिकाको आन्तरिक राजश्व खातामा जम्मा गर्नेछ।

(३) सेवा शुल्क बापत लिइने रकमको असुलीका लागि नगरपालिकाले नगदी रसिद छपाई उपलब्ध गराउनेछ। नगदी रसिदको अभिलेख/नियन्त्रण खाता स्वास्थ्य शाखामा राखिने छ।

(४) सेवा दिए वापत लिइने सेवा शुल्क नगदी रसिद काटी बैंक खातामा जम्मा गर्ने जिम्मेबारी सम्बन्धित चालकको हुनेछ।

(५) एम्बुलेन्स सेवाबाट प्राप्त राजश्व रकम सामान्यतया चालकको तलब भत्ता, इन्धन, एम्बुलेन्सको मर्मत सम्भार र एम्बुलेन्समा रहने अति आवश्यक सामग्रीको खरिदमा खर्च गरिनेछ। सो को जानकारी नगर कार्यपालिकालाई तीन तीन महिनामा दिनु पर्नेछ।

(६) एम्बुलेन्सले सेवा दिएको स्थान र मिति खुल्ने गरी सवारी लगबुक राख्नु पर्ने छ। लगबुक भर्ने जिम्मेवारी एम्बुलेन्स चालकको रहनेछ भने सोको प्रमाणित गर्ने जिम्मेवारी तोकिएको स्वास्थ्य चौकीको सिफारिशमा स्वास्थ्य शाखा प्रमुखको हुनेछ।

**(६) विशेष वर्गलाई दिइने सुविधा**ः (१) गर्भवती महिलालाई बर्थिङ्ग सेन्टरसम्म ल्याउन वा लैजान एक पटकका लागि नगरपालिकाले निशुल्क एम्बुलेन्स सेवा प्रदान गर्नेछ। बर्थिङ्ग सेन्टरमा सुत्केरी हुन नसक्ने अवस्था भएको भनी सम्बन्धित बर्थिङ्ग सेन्टरबाट प्रेषण भएमा सल्यान जिल्ला अस्पतालसम्म ल्याउन वा लैजान पर्ने भएमा एक पटकका लागि नगरपालिकाले निशुल्क एम्बुलेन्स सेवा प्रदान गर्ने सक्नेछ।

(२) शारदा नगरपालिका मातहत रहेका स्वास्थ्य संस्थाहरुबाट गरिएको प्रेषणका आधारमा जेष्ठ नागरिक तथा अपांगता भएका व्यक्तिलाई नजिकको अस्पताल सम्म ल्याउन वा लैजाने एक पटकका लागि नगरपालिकाले निशुल्क एम्बुलेन्स सेवा प्रदान गर्नेछ।

(३) उपदफा (२) मा उल्लेखित वर्गलाई सल्यान देखि बाहिर जिल्लासम्म लैजानु पर्ने भएमा तोकिएको दररेटमा ५०% शुल्क छुट दिइनेछ।

**(७) चालकको नियुक्ति र सेवा सुविधा:** (१) एम्बुलेन्स सेवा संचालनका लागि नगर कार्यपालिकाले नेपाल सरकारले जारी गरेको विद्यमान एम्बुलेन्स सेवा संचालन सम्बन्धि निर्देशिका बमोजिम योग्यता पुगेको एक जना चालक सेवा करारमा नियुक्ती गर्नेछ।

(२) चालकको सेवा सुविधा दफा (३) बमोजिमको समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(३) चालकको रु. २ लाख सम्मको दुर्घटना बीमा गरिनेछ। बीमाको प्रिमियम बापतको रकम यसै कार्यविधि बमोजिमको राजश्व रकमबाट बेहोरिने छ।

(४) चालकले पालना गर्नुपर्ने आचारसंहिता अनुसूची-१ बमोजिम हुनेछ।

**(८) एम्बुलेन्स रहने स्थान र सोको मर्मत सम्भार:** (१) एम्बुलेन्स सम्बन्धित स्वास्थ्य चौकी/नगर कार्यपालिकाको कार्यालय हातामा रहनेछ।

(२) प्रचलित कानून बमोजिम प्रक्रिया पुरा गरी एम्बुलेन्सको नियमित मर्मत सम्भार गर्ने जिम्मेवारी चालकको हुनेछ।

**(९) विविध:** (१) एम्बुलेन्समा रहने न्यूनतम सेवा सुविधा तथा औषधीको विवरण अनुसूची-२ बमोजिम हुनेछ।

(२) एम्बुलेन्समा सवार विरामी, विरामीका आफन्त तथा स्वास्थ्यकर्मीको बीमाको दायित्व सेवाग्राही स्वयंको हुनेछ।

(३) यस कार्यविधिमा आवश्यकता अनुसार संशोधन र हेरफेर समितिको सिफारिशमा नगर कार्यपालिकाले गर्न सक्नेछ।

**अनुसूची १**
**(कार्यविधिको दफा ६ को उपदफा (३) सँग सम्बन्धित)**
**एम्बुलेन्स चालकले पालना गर्नुपर्ने आचारसंहिता**

१. एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२ लाई पूर्णतः पालना गर्नुपर्ने,
२. आफ्नो पेशागत भूमिका निर्वाह गर्ने क्रममा ईमान्दारिता र विश्वसनीयता कायम गर्दै आफ्नो पेशाको मान मर्यादामा खलल पुग्ने कुनै काम गर्न नहुने,
३. मादक पदार्थ सेवन गरी एम्बुलेन्स चलाउनु नहुने,
४. बिरामीको ओसारपसार तथा उपचार गर्ने क्रममा बिरामी तथा बिरामीको परिवारलाई सधै सम्मानपूर्वक व्यवहार गरी उच्चस्तरीय सेवा प्रदान गर्नुपर्ने,
५. आफुले लिएको निर्णयहरुमा आफ्नै व्यक्तिगत रुपमा जिम्मेवार र जवाफदेही हुनुपर्ने, सुधार गर्दै
६. आफ्नो पेशागत दक्षता सुधार गर्दै लैजानुका साथै आफुमा भएका पेशागत दक्षता आफ्नो क्षेत्रका अरुलाई पनि सिकाउनु पर्ने,
७. कुनै पनि बिरामीलाई ओसारपसार गर्नु अघि उसको बारेमा पर्याप्त जानकारी लिई उपचारमा सहयोग गर्नुपर्ने,
८. बिरामीलाई बीच बाटोमा छाड्न नहुने,
९. आफ्नो कामको सिलसिलामा पाएका कुनै पनि सूचना गोप्य राख्नुपर्ने तथा विरामीहरुबाट पाएको जानकारी तेस्रो पक्षलाई खोल्न नहुने तर कानूनी र पेशागत दायित्व निर्वाह गर्न वा बिरामीको सेवामा आवश्यक परेमा त्यस्तो सूचना बारेमा जानकारी दिन सक्ने,
१०. अस्पताल पूर्व सेवा, एम्बुलेन्स सेवा व्यवस्थापनमा सहयोग पुग्ने तथा अनुसन्धानमा मदत पुयाउनु पर्ने,
११. आफुले उचित देखेको बिरामीको गुणस्तरीय सेवामा प्रभाव पार्ने राम्रा पक्षहरुको जानकारी आफ्नो सुपरीवेक्षक तथा स्वास्थ्य संस्थालाई दिनुपर्ने,
१२ नेपाल सरकारले प्रतिबन्ध लगाएका बस्तुहरु ओसार पसार नगर्ने। प्रचलित कानूनको पालना गर्नुपर्ने। सवारी चालकले निम्न अनुसारको प्रतिवद्धता समेत गर्नु पर्नेछ।

## प्रतिवद्धता पत्र

म

………………………….(नाम)………………………………………………………………………… ………………ठेगाना ……………………………….ना.प्र.प.नं.……………………………………………………………………… …जिल्ला, ड्राईभिङ्ग लाईसेन्स नं ……………………………………………………………… ले माथिको उल्लेखित आचारसंहिता नगरपालिकाबाट अध्ययन गरेकोछु । सल्यान जिल्ला शारदा नगरपालिका बाट…………………………..स्वास्थ्य चौकीलाई व्यवस्थापनको जिम्मा दिइएको एम्बुलेन्स चलाउँदा मैले यो आचारसंहिता पूर्ण रुपमा पालना गर्न सहमति जनाई सही छाप गरेको छु ।

चालकको :
दस्तखत :
नाम :
मिति :

रोहबरमा प्रमाणित गर्ने व्यक्तिको :
दस्तखत :
नाम / पद :
मिति :

**संस्थाको छाप** :

## अनुसूची-२

(कार्यविधिको दफा ८ को उपदफा (१) सँग सम्बन्धित)

"ख" वर्गको (Basic Life Support (BLS) एम्बुलेन्समा हुनुपर्ने औषधी र उपकरणको जनशक्तिको विवरण

- All Emergency Equipment
- Stethoscope
- B.P. Apparatus
- Torchlight
- Tongue Depressor
- IV drips
- ECG Monitor with oxygen monitor
- Intubation set
- set Cervical collars
- Various intubation tubes and laryngeal tubes
- Ambo bag
- Nebulizer
- CPR board
- Oxygen supply
- OB kit
- Splints
- Catheterizations sets
- Other:
- .Washing equipment
- Wheel chair and trolley
- Radio communication
- Tablet with 4G connectivity
- **Staffs:**
    - Ambulance driver with firs aid trainings
    - EMT
    - अन्य वर्गको (Basic Life Support (BLS ) एम्बुलेन्समा हुनुपर्ने औषधी र उपकरणको जनशक्तिको हकमा तोकिए बमोजिम हुनेछ

**प्रमाणीकरण मिति :- २०८२।०२। १३**

**आज्ञाले,**
**ओम प्रकाश देवकोटा**
**प्रमुख प्रशासकीय अधिकृत**

**शारदा नगरपालिका**

**एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२**

**कार्यपालिकाबाट स्वीकृत मितिः २०८२/०२/१०**

**प्रमाणीकरण मितिः २०८२/०२/१३**

**प्रस्तावना:** शारदा नगरपालिका भित्र खास गरी स्वास्थ्य सेवाको पहुँचबाट टाढा रहेका स्थानीय बासिन्दालाई स्वास्थ्य सेवामा सर्वसुलभ पहुँच पुऱ्याउनका लागि एम्बुलेन्स सेवा संचालनलाई पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित गर्न तथा एम्बुलेन्स सेवामा सर्वसाधारण जनताको पहुँच बढाई सेवाको गुणस्तर वृद्धि गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) को अधिकार प्रयोग गरी शारदा नगरपालिकाले यो कार्यविधि तयार गरी लागु गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ**: (क) यो कार्यविधिको नाम "एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२" रहेको छ।

(ख) यो कार्यविधि शारदा नगरपालिकाले स्वीकृत गरी राजपत्रमा प्रकाशन भएको मितिबाट प्रारम्भ हुनेछ।

**२. परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) "एम्बुलेन्स" भन्नाले बिरामी ओसार्ने स्वीकृति प्राप्त गरेको वाहन सम्झनु पर्छ र सो शब्दले एम्बुलेन्समा जडित उपकरण, चालक र परिचारिका समेतलाई जनाउँछ।

(ख) "एम्बुलेन्स जनशक्ति" भन्नाले एम्बुलेन्समा उपस्थित रहने स्वास्थ्यकर्मी र चालक सम्झनु पर्छ।

(ग) "चालक" भन्नाले एम्बुलेन्स चलाउने चालक सम्झनु पर्छ।

(घ) "नगरपालिका" भन्नाले शारदा नगरपालिकालाई सम्झनु पर्छ।

(ङ) "सेवा शुल्क" भन्नाले एम्बुलेन्स प्रयोग गरेबापत सेवाग्राहीले बुझाउनु पर्ने गरी समितिले तोकेको शुल्क सम्झनु पर्छ।

(च) "समिति" भन्नाले दफा ३ बमोजिम गठित एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति सम्झनु पर्छ।

(छ) "सेवा" भन्नाले एम्बुलेन्सले बिरामीलाई दिने सम्पूर्ण सेवा सम्झनु पर्छ।

**३.एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति:** (१) एम्बुलेन्स सेवाको सञ्चालन, व्यवस्थापन, अनुगमन तथा रेखदेख गर्न देहायको पदाधिकारीहरु रहेको एक नगरपालिका एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति रहनेछ।

| | |
|---|---|
| (क) नगर प्रमुख | - संयोजक |
| (ख) प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| (ग) सामाजिक विकास समितिको संयोजक | –सदस्य |
| (घ) कार्यपालिका सदस्य महिला/दलित १/१ जना | - सदस्य |
| (ङ) प्रतिनिधि, स्थानीय रेडक्रस सोसाईटी | - सदस्य |
| (च) स्वास्थ्य शाखा प्रमुख | - सदस्य सचिव |

(२) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ। समितिको बैठक भत्ता शारदा नगरपालिका कार्यसञ्चालन निर्देशिकामा निर्धारण गरे बमोजिम हुनेछ।

(३) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था यस कार्यविधि बमोजिम समितिले निर्धारण गरे बमोजिम हुनेछ।

४. **समितिको काम, कर्तव्य र अधिकार** : (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) एम्बुलेन्स सेवा पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित रुपमा सञ्चालन गरे नगरेको अनुगमन गर्ने।

(ख) चालकले पालना गर्नुपर्ने आचारसंहिता लागू गराउने। यस कार्यविधि अनुसारको आचारसंहिता पालन नगर्ने चालकलाई चेतावनी दिने र आचारसंहिता पालना गर्न लगाउने।

(ग) एम्बुलेन्स सेवाको बारेमा कुनै गुनासो तथा उजुरी आएमा सोको सुनुवाई तथा व्यवस्थापन गर्ने।

(घ) एम्बुलेन्सको निश्चित मापदण्डको आधारमा भाडा निर्धारण गर्ने। सामान्यतया एक पटक निर्धारण भएको भाडा दुई वर्ष नपुगी पुनरावलोकन गर्न नपाइने।

(ङ) सरोकारवाला तथा अन्य सङ्घ संस्थाहरु बीच आवश्यकता अनुसार एम्बुलेन्स सेवा बारे समीक्षा बैठक गर्ने.

(च) नगरपालिकाको विशिष्टतालाई ध्यानमा राखी एम्बुलेन्स सेवा सञ्चालनको लागि आवश्यक थप मापदण्ड बनाउने।

(छ) चालकले तोकिएको सेवा शुल्क लिई बैंक/कोषमा दाखिला गरे नगरेको समय समयमा निरीक्षण गर्ने।

(२) समितिको सदस्य-सचिवले सेवा प्रवाह स्थितिको अद्यावधिक विवरण सहितको प्रतिवेदन प्रत्येक वर्षको पौष र आषाढ मसान्तमा नगर कार्यपालिका बैठकमा पेश गर्नु पर्नेछ।

**५. सेवा शुल्क सम्बन्धी व्यवस्था :** ( १ ) एम्बुलेन्स सेवा प्रयोग गरेबापत सम्बन्धित सेवाग्राहीले जिल्ला एम्बुलेन्स व्यवस्थापन समिति, सल्यानले तयार गरेको सेवा शुल्कको आधार लिई शारदा नगरपालिकाको प्रत्येक वर्ष स्वीकृत हुने आर्थिक ऐनमा उल्लेख भए अनुसारको रकम सेवा शुल्कको रुपमा बुझाउनु पर्नेछ । एम्बुलेन्स पहिलो पटक संचालन भएको हकमा बैठक बसी तोकिए बमोजिमको भाडा भुक्तानी गर्नु पर्नेछ।

पुनश्चः उल्लेखित दरमा तेल र विभिन्न करको रकम समावेश गरिने छ। दुरीको हकमा गन्तव्य स्थान नै मान्य हुनेछ। साथै एम्बुलेन्सको तोकिएको सेवा शुल्क र माग फाराम भरी बिरामी लैजानु अगावै कार्यालयमा बुझाउनु पर्नेछ।

(२) एम्बुलेन्स सेवा बापत उठेको रकम नगरपालिकाको आन्तरिक राजश्व खातामा जम्मा गर्नेछ।

(३) सेवा शुल्क बापत लिइने रकमको असुलीका लागि नगरपालिकाले नगदी रसिद छपाई उपलब्ध गराउनेछ । नगदी रसिदको अभिलेख/नियन्त्रण खाता स्वास्थ्य शाखामा राखिने छ।

(४) सेवा दिए वापत लिइने सेवा शुल्क नगदी रसिद काटी बैंक खातामा जम्मा गर्ने जिम्मेबारी सम्बन्धित चालकको हुनेछ।

(५) एम्बुलेन्स सेवाबाट प्राप्त राजश्व रकम सामान्यतया चालकको तलब भत्ता, इन्धन, एम्बुलेन्सको मर्मत सम्भार र एम्बुलेन्समा रहने अति आवश्यक सामग्रीको खरिदमा खर्च गरिनेछ। सो को जानकारी नगर कार्यपालिकालाई तीन तीन महिनामा दिनु पर्नेछ।

(६) एम्बुलेन्सले सेवा दिएको स्थान र मिति खुल्ने गरी सवारी लगबुक राख्नु पर्ने छ। लगबुक भर्ने जिम्मेवारी एम्बुलेन्स चालकको रहनेछ भने सोको प्रमाणित गर्ने जिम्मेवारी तोकिएको स्वास्थ्य चौकीको सिफारिशमा स्वास्थ्य शाखा प्रमुखको हुनेछ।

**(६) विशेष वर्गलाई दिइने सुविधाः** (१) गर्भवती महिलालाई बर्थिङ्ग सेन्टर वा नजिकको अस्पतालसम्म सुत्केरी हुन आउँदा र जाँदा नगरपालिकाले एम्बुलेन्स सेवामा ५० प्रतिशत छुट प्रदान गर्नेछ।

(२) शारदा नगरपालिका मातहत रहेका स्वास्थ्य संस्थाहरुबाट गरिएको प्रेषणका आधारमा जेष्ठ नागरिक तथा अपांगता भएका व्यक्तिलाई नजिकको अस्पताल सम्म ल्याउन र लैजान नगरपालिकाले एम्बुलेन्स सेवामा ५० प्रतिशत छुट प्रदान गर्नेछ।

(३) उपदफा (२) मा उल्लेखित वर्गलाई सल्यान देखि बाहिर जिल्लासम्म लैजानु पर्ने भएमा तोकिएको दररेटमा ५०% शुल्क छुट दिइनेछ।

**(७) चालकको नियुक्ति र सेवा सुविधा:** (१) एम्बुलेन्स सेवा संचालनका लागि नगर कार्यपालिकाले नेपाल सरकारले जारी गरेको विद्यमान एम्बुलेन्स सेवा संचालन सम्बन्धि निर्देशिका बमोजिम योग्यता पुगेको एक जना चालक सेवा करारमा नियुक्ती गर्नेछ।

(२) चालकको सेवा सुविधा दफा (३) बमोजिमको समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(३) चालकको रु. २ लाख सम्मको दुर्घटना बीमा गरिनेछ । बीमाको प्रिमियम बापतको रकम यसै कार्यविधि बमोजिमको राजश्व रकमबाट बेहोरिने छ।

(४) चालकले पालना गर्नुपर्ने आचारसंहिता अनुसूची-१ बमोजिम हुनेछ।

**(८) एम्बुलेन्स रहने स्थान र सोको मर्मत सम्भार:** (१) एम्बुलेन्स सम्बन्धित स्वास्थ्य चौकी/नगर कार्यपालिकाको कार्यालय हातामा रहनेछ।

(२) प्रचलित कानून बमोजिम प्रक्रिया पुरा गरी एम्बुलेन्सको नियमित मर्मत सम्भार गर्ने जिम्मेवारी चालकको हुनेछ।

**(९) विविध:** (१) एम्बुलेन्समा रहने न्यूनतम सेवा सुविधा तथा औषधीको विवरण अनुसूची-२ बमोजिम हुनेछ।

(२) एम्बुलेन्समा सवार विरामी, विरामीका आफन्त तथा स्वास्थ्यकर्मीको बीमाको दायित्व सेवाग्राही स्वयंको हुनेछ।

(३) यस कार्यविधिमा आवश्यकता अनुसार संशोधन र हेरफेर समितिको सिफारिशमा नगर कार्यपालिकाले गर्न सक्नेछ।

**अनुसूची १**
**(कार्यविधिको दफा ६ को उपदफा (३) सँग सम्बन्धित)**
**एम्बुलेन्स चालकले पालना गर्नुपर्ने आचारसंहिता**

१. एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२ लाई पूर्णतः पालना गर्नुपर्ने,
२. आफ्नो पेशागत भूमिका निर्वाह गर्ने क्रममा ईमान्दारिता र विश्वसनीयता कायम गर्दै आफ्नो पेशाको मान मर्यादामा खलल पुग्ने कुनै काम गर्न नहुने,
३. मादक पदार्थ सेवन गरी एम्बुलेन्स चलाउनु नहुने,
४. बिरामीको ओसारपसार तथा उपचार गर्ने क्रममा बिरामी तथा बिरामीको परिवारलाई सधै सम्मानपूर्वक व्यवहार गरी उच्चस्तरीय सेवा प्रदान गर्नुपर्ने,
५. आफुले लिएको निर्णयहरुमा आफ्नै व्यक्तिगत रुपमा जिम्मेवार र जवाफदेही हुनुपर्ने, सुधार गर्दै
६. आफ्नो पेशागत दक्षता सुधार गर्दै लैजानुका साथै आफुमा भएका पेशागत दक्षता आफ्नो क्षेत्रका अरुलाई पनि सिकाउनु पर्ने,
७. कुनै पनि बिरामीलाई ओसारपसार गर्नु अघि उसको बारेमा पर्याप्त जानकारी लिई उपचारमा सहयोग गर्नुपर्ने,
८. बिरामीलाई बीच बाटोमा छाड्न नहुने,
९. आफ्नो कामको सिलसिलामा पाएका कुनै पनि सूचना गोप्य राख्नुपर्ने तथा विरामीहरुबाट पाएको जानकारी तेस्रो पक्षलाई खोल्न नहुने तर कानूनी र पेशागत दायित्व निर्वाह गर्न वा बिरामीको सेवामा आवश्यक परेमा त्यस्तो सूचना बारेमा जानकारी दिन सक्ने,
१०. अस्पताल पूर्व सेवा, एम्बुलेन्स सेवा व्यवस्थापनमा सहयोग पुग्ने तथा अनुसन्धानमा मदत पुयाउनु पर्ने,
११. आफुले उचित देखेको बिरामीको गुणस्तरीय सेवामा प्रभाव पार्ने राम्रा पक्षहरुको जानकारी आफ्नो सुपरीवेक्षक तथा स्वास्थ्य संस्थालाई दिनुपर्ने,
१२ नेपाल सरकारले प्रतिबन्ध लगाएका बस्तुहरु ओसार पसार नगर्ने । प्रचलित कानूनको पालना गर्नुपर्ने । सवारी चालकले निम्न अनुसारको प्रतिवद्धता समेत गर्नु पर्नेछ।

**प्रतिवद्धता पत्र**

म ……………………….(नाम)……………………………………………………………………… ………………ठेगाना ………………………………ना.प्र.प.नं.…………………………………………………………………… …जिल्ला, ड्राईभिङ्ग लाईसेन्स नं ……………………………………………………………… ले माथिको उल्लेखित आचारसंहिता नगरपालिकाबाट अध्ययन गरेकोछु । सल्यान जिल्ला शारदा नगरपालिका बाट…………………………..स्वास्थ्य चौकीलाई व्यवस्थापनको जिम्मा दिइएको एम्बुलेन्स चलाउँदा मैले यो आचारसंहिता पूर्ण रुपमा पालना गर्न सहमति जनाई सही छाप गरेको छु ।

चालकको :

दस्तखत :

नाम :

मिति :

रोहबरमा प्रमाणित गर्ने व्यक्तिको :

दस्तखत :

नाम / पद :

मिति :

**संस्थाको छाप** :

## अनुसूची-२

(कार्यविधिको दफा ८ को उपदफा (१) सँग सम्बन्धित)

"ख" वर्गको (Basic Life Support (BLS) एम्बुलेन्समा हुनुपर्ने औषधी र उपकरणको जनशक्तिको विवरण

- All Emergency Equipment
- Stethoscope
- B.P. Apparatus
- Torchlight
- Tongue Depressor
- IV drips
- ECG Monitor with oxygen monitor
- Intubation set
- set Cervical collars
- Various intubation tubes and laryngeal tubes
- Ambo bag
- Nebulizer
- CPR board
- Oxygen supply
- OB kit
- Splints
- Catheterizations sets
- Other:
- .Washing equipment
- Wheel chair and trolley
- Radio communication
- Tablet with 4G connectivity
- **Staffs:**
  - Ambulance driver with firs aid trainings
  - EMT
  - अन्य वर्गको (Basic Life Support (BLS ) एम्बुलेन्समा हुनुपर्ने औषधी र उपकरणको जनशक्तिको हकमा तोकिए बमोजिम हुनेछ

प्रमाणीकरण मिति :- २०८२।०२। १३

**आज्ञाले,**
**ओम प्रकाश देवकोटा**
**प्रमुख प्रशासकीय अधिकृत**